कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np
वर्ष ९, अंक २, २०७८ कार्तिक-पौष | आन्तरिक राजस्व विभागको त्रैमासिक प्रकाशन | Year 9, Issued: Oct-Jan, 2021/022

## राजस्व संकलनमा ९३.३१ प्रतिशत प्रगति हासिल

आर्थिक वर्ष २०७८/७९ को लागि विभागलाई रु. ५३७ अर्व ९४ करोडको लक्ष्य प्राप्त भएको छ । उक्त लक्ष्य मध्ये श्रावणदेखि पौषसम्म रु. २ खर्व ४१ अर्ब ७१ करोड लक्ष्य रहेकोमा रु. २ खर्व २५ अर्ब ५३ करोड संकलन भई लक्ष्यको तुलनामा ९३.३१ प्रतिशत संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु. ३३ अर्व ८५ करोड अर्थात १७.६६ प्रतिशतले बढी हो ।

शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु. १ खर्व २० अर्व ९८ करोड लक्ष्य रहेकोमा रु. १ खर्व ३१ अर्व ०५ करोड संकलन भई लक्ष्यको तुलनामा ९२.३२ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु. ६१ अर्व २० करोड लक्ष्यमा रु ५३ अर्व ५२ करोड अर्थात लक्ष्यको ८७.४६ प्रतिशत संकलन भएको छ । अन्तःशुल्कमा रु. ४७ अर्व ४९ करोड लक्ष्य रहेकोमा रु. ४७ अर्व ७५ करोड संकलन भएको छ

# विविध कार्यक्रमका बीच दशौं राष्ट्रिय कर दिवस मनाइयो




आधुनिक एवम् वैज्ञानिक कर प्रणालीतर्फको प्रस्थानविन्दुको रुपमा नेपालमा मूल्य अभिवृद्धि कर लागु भएको दिनको स्मरण गर्दै यही मंसिर १ गते "स्वेच्छिक कर सहभागितामा अभिवृद्धि : सुशासन, विकास र समृद्धि" भन्ने मूल नाराका साथ सप्ताहव्यापि विविध कार्यक्रमहरु आयोजना गरी दशौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७८ देशव्यापिरुपमा मनाइएको छ । सो अवसरमा मंसिर १ गते आन्तरिक राजस्व विभागको प्राङ्गणमा दशौं राष्ट्रिय कर दिवसको आयोजना गरियो । उक्त समारोहको समुद्घाटन माननीय अर्थमन्त्री जनार्दन शर्मा प्रभाकरज्यूले गर्नु भएको थियो। सो अवसरमा विभागको वार्षिक प्रतिवेदन, २०७७/०७८, दशौं राष्ट्रिय कर दिवस स्मारिका, २०७८ र अनुसन्धान विधिको मार्गदर्शन, २०७८ को लोकार्पण गरियो ।

कार्यक्रममा सचिव मधुकुमार मरासिनी, सचिव (राजस्व) कृष्णहरि पुष्कर, महा लेखानियन्त्रक,अर्थमन्त्रीज्यूका आर्थिक सल्लाहकार, राजस्व परामर्श समितिका अध्यक्ष, उद्योग वाणिज्य क्षेत्रका विशिष्ट व्यक्तित्वहरु, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयका कर्मचारी, पत्रकार लगायत विभिन्न सरोकारवाला महानुभावहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा विभागका उपमहानिर्देशक अर्जुन प्रसाद

बाँकी ३ पृष्ठमा.......



# महानिर्देशकको सन्देश

> "नीतिगत सबलीकरण, प्रक्रियागत सरलीकरण, प्रणालीगत सुधार, कर शिक्षा तथा जागरण जस्ता हाम्रा अविराम इमान्दार प्रयत्नहरूको परिणामस्वरूप कर प्रशासन जनस्तरबाटै अनुभूत हुनेगरी करदातामैत्री, लगानीमैत्री र प्रविधिमैत्री बन्दै गएका प्रतिक्रिया एवम् पृष्ठपोषणहरु प्राप्त हुन थालेका छन् ।"

वैश्विक महामारिको रूपमा फैलिएको कोभिड-१९ को प्रभाव क्रमशः न्यून हुदै गई आर्थिक गतिविधिहरू चलायमान बन्दै जादा आन्तरिक राजस्व विभागले २०७८ श्रावण देखि पौष महिनासम्मको रु. २ खर्व ४१ अर्ब ७१ करोड लक्ष्य रहेकोमा रु. २ खर्व २५ अर्ब ५३ करोड संकलन गरी लक्ष्यको तुलनामा ९३.३१ प्रतिशत प्रगति हासिल गर्न सफल भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु. ३३ अर्ब ८५ करोड अर्थात १७.६६ प्रतिशतले बढी हो । महामारीको विषम परिस्थितिमा समेत उत्साहजनक कर सहभागिता जनाई मुलुकको राजस्व परिचालनमा पुर्‍याउनु भएको योगदानको उच्च सम्मान गर्दै म आम करदाताहरूप्रति विशेष धन्यवाद एवम् आभार प्रकट गर्न चाहन्छु ।

एकातिर व्यापार उदारीकरणको कारणबाट आयात व्यापारबाट प्राप्त हुने राजस्व कम हुदैं गएको छ भने अर्कोतिर मुलुकमा लगानी भित्र्याउन करका दरहरुमा प्रतिस्पर्धा बढ्दै गएको छ । साथै पूर्वाधार विकास र आधारभूत सेवामा बढ्दो खर्च व्यवस्थापन, कोभिड-१९ को महामारीले समग्र अर्थतन्त्रमा दिएको धक्काबाट माथि उक्लन व्यापार तथा तथा उद्योग व्यवसायलाई राहत दिन विभिन्न कर छुट तथा सहुलियतको आवश्यकताको कारण सरकारलाई वित्तीय दबाब पर्दा सो को असर आन्तरिक राजस्वमा स्वाभाविक नै हो।

नीतिगत सबलीकरण, प्रक्रियागत सरलीकरण, प्रणालीगत सुधार, सूचना प्रविधिको प्रयोग, कर शिक्षा तथा जागरण जस्ता हाम्रा अविराम इमान्दार प्रयत्नहरुको परिणामस्वरु कर प्रशासन जनस्तरबाटै अनुभूत हुने गरी करदातामैत्री, लगानीमैत्री र प्रविधिमैत्री बन्दै गएका प्रतिक्रिया एवम् पृष्ठपोषणहरु प्राप्त हुन थालेका छन् ।

राष्ट्रिय कर प्रणालीलाई अन्तराष्ट्रिय स्तरका असल एवम् अब्बल कर प्रणाली सापेक्ष बनाउदै सम्पूर्ण आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउनु, कर प्रशासनको कर संकलन लागत र करदाताको कर परिपालना लागत घटाउदै कर कानूनको पूर्ण परिपालना गराउनु, कराधारको संरक्षण गर्दै संघीय संरचना बमोजिम तीनै तहको राजस्व संरचनामा सामाञ्जस्यता ल्याउनु लगायतका चुनौतिहरु हामीबीच कायमै रहेको सन्दर्भमा आगामी दिनमा उक्त चुनौतिहरुको रणनैतिक ढंगले सामना गर्न तथा संविधानप्रदत्त मौलिक हकहरुको कार्यान्वयन गर्दै दिगो एवम् राष्ट्रिय विकासका लक्ष्यहरु हासिल गर्न राजस्व परिचालनका हाम्रा समन्वयात्मक प्रयासहरुलाई अझ थप सघन र गहन बनाउनुपर्ने अपरिहार्यता रहेको छ ।

**शोभाकान्त पौडेल**
**महानिर्देशक**

पेज नं. १ बाट क्रमश....

भट्टराईले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने निर्देशक राजु प्याकुरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

कार्यक्रममा आर्थिक वर्ष २०७६।७७ मा करको परिपालना सहित सवै भन्दा बढी कर तिर्ने र मूल्य अभिवृद्धि कर सहभागिता राम्रो जनाई बढी कर तिर्ने विभिन्न व्यवसायिक क्षेत्रका १५ जना करदातालाई सम्मान गरियो। त्यस्तै विभाग र मातहत कार्यालयमा कार्यरत रही उत्कृष्ट कार्यसम्पादन गर्ने १० जना कर्मचारीहरुलाई समेत पुरस्कृत गरियो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय अर्थमन्त्री जनार्दन शर्मा "प्रभाकर"ले कर दिवसको अवसरमा कर तिर्ने सम्पूर्ण करदाताहरु, करको भार वहन गर्ने नागरिकहरु र करको संकलन तथा व्यवस्थापन गर्ने सम्पूर्ण कर्मचारीहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्नुहुदै प्रगतिशिल कर प्रणालीको अवधारणा बमोजिम हुनेखाने वर्गबाट कर उठाई कमजोर वर्गको कल्याणमा खर्च गर्दा सामाजिक न्याय र समावेशी लोकतन्त्रको दिशामा करको प्रयोग हुने हुँदा करलाई दवावको रुपमा नभई आवश्यकता र कर्तव्यको रुपमा बोध गर्न सबैमा अनुरोध गर्नुभयो । भन्सार एवम् आयातमा आधारित राजस्वको संकलनमा गौरव गर्दै आत्मरतिमा रमाउने नभई अब आन्तरिक उत्पादनमा आधारित आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा जुट्नुपर्नेमा उहाले जोड दिनुभयो । स्वदेशी उत्पादन वृद्धिको लागि आफू जस्तोसुकै आलोचना सहन पनि तयार रहेको बताउदै मन्त्री शर्माले निजी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न आह्वान गर्नुका साथै सोका लागि आवश्यक कुनै पनि सहयोग र सहजीकरण गर्न आफू तयार रहेको पनि बताउनु भयो । राजनीतिज्ञ र प्रशासनको बाटोमात्र फरक भएको तर गन्तव्य एउटै रहेको उल्लेख गर्दै शासक होइन सेवक र सहजकर्ता बनी जनमैत्री सेवा प्रवाहमा समर्पित हुन सम्पूर्ण कर्मचारीहरुलाई निर्देशन समेत दिनुभयो। समृद्ध अर्थतन्त्र सहितको राष्ट्र निर्माणको अभियानमा सहकार्य गर्न आह्वान गर्दै अर्थमन्त्री शर्माले करदाताहरुका गुनासा एवम् समस्याहरुको तत्काल सम्बोधन गर्न एक एकाई बनाउने, भन्सारमा Vehicle Scanner राख्ने, अन्तः शुल्क स्टिकर सरकार आफैले छाप्ने, व्यक्तिगत आयकर छुटको सीमा बढाउने, कर एवम् राजस्व छलिको सूचना दिने सूचनादाताहरुलाई संरक्षण र प्रोत्साहन गर्ने तथा व्यवसायीहरुलाई प्रविधिको माध्यमबाट सहज सेवा प्रदान गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

यसैगरी सचिव मधुप्रसाद मरासिनीले नेपालमा मूल्य अभिवृद्धि कर लागु हुनु आधुनिक एवम् वैज्ञानिक कर प्रणालीतर्फको प्रस्थान विन्दुको रुपमा रहेको स्मरण गर्दै आफू पनि त्यसको सुरुवात देखिनै साक्षीको रुपमा रहन पाएकोमा गर्वको महशुस भएको बताउनु भयो । करदाताबाट संकलन भएको करबाटै राज्यले नियमित, आकस्मिक र विकासात्मक कार्यहरु सञ्चालन गर्ने बताउदै "सरकारले कर लियो तर केहि दिएन" भन्ने नकारात्मक मनोवृत्ति त्याग्न समेत सबैमा अनुरोध गर्नुभयो । करको दर कम गर्दै दायरा विस्तार गर्ने तथा स्वदेशी उद्योग, व्यवसाय र रोजगारीको प्रवर्धन गर्न व्यवसायमैत्री वातावरणको निर्माण गर्ने उद्देश्यका साथ करनीतिहरु अवलम्बन गरिदै आएको बताउनु हुँदै अनौपचारिक एवम् करको दायरामा नआएको क्षेत्रलाई करको दायरामा ल्याई कराधारको संरक्षण गर्न तथा करदातामा कर सचेतना एवम् जागरण ल्याउन निजी क्षेत्रको सहयोग आवश्यक पर्ने जानकारी गराउनु भयो। विगत देखि गरिदै आएको कर प्रणाली सुधारको प्रयासले गर्दा आज स्वतस्फूर्त ढंगले कर संकलन भईरहेको स्मरण गराउदै अब कर प्रशासनले आफ्नो पहलमा राजस्व वृद्धिका क्षेत्रहरु पहिल्याई सोही बमोजिम परिचालित हुनुपर्ने बेला आएको बताउनु भयो ।

कार्यक्रमको क्रममा मन्तव्य दिनुहुदै सचिव (राजस्व) कृष्णहरि पुष्करले कोभिड-१९ले शिथिल आर्थिक गतिविधिहरुलाई चलायमान बनाउदै नयाँ सामान्यीकरण (New-normal) को लागि संघर्षरत रहदै गर्दाको



अवस्थामा समेत राज्यलाई कर तिरी सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गर्दै कर क्षेत्रमा भएको डिजिटाइजेशनले गर्दा कोभिडको बाबजुत पनि राजस्व संकलनमा वृद्धि भएको बताउनुभयो । करलाई बाध्यता भन्दा पनि राष्ट्रिय समृद्धि र सुशासनको एक अवयवको रुपमा स्थापित गर्नुपर्नेमा जोड दिदै निजी क्षेत्रबाट प्राप्त राष्ट्रिय स्वार्थ पूरा हुने खालका सुधारका सुझाबहरु सधै स्वीकार गरिएको र गरिने बताउदै ब्यक्तिगत एवम् निश्चित वर्ग समूहहरुलाई मात्र फाइदा पुग्ने गरी दिइएका स्वार्थप्रेरित सुझावहरु कार्यान्वयन गर्न नसकिने समेत बताउनु भयो ।

मन्तव्यकै क्रममा महानिर्देशक शोभाकान्त पौडेलले अदृश्य अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा ल्याउदै डिजिटल कारोवारलाई करको दायरामा ल्याउने तर्फ विभाग क्रियाशील रहेको बताउनु भयो । साथै, निजी क्षेत्रबाट आएका सुझावहरुलाई गम्भीरतापूर्वक ग्रहण गर्दै प्रविधिमैत्री कार्यसम्पादनमा जोड दिने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले कोभिड-१९ को २ बर्षे कष्टप्रद अवस्थाकै बीचमा पनि उल्लेख्य रुपमा राजस्व वृद्धि हुनु राजस्व प्रणालीको सफलता भएको उल्लेख गर्दै यसमा निजी क्षेत्रको इमान्दारिता र व्यावसायिकता समेत प्रतिबिम्बित भएको बताउनु भयो । ''सम्मानित निजी क्षेत्र, समुन्नत नेपाल'' भन्ने सोंचका साथ मर्यादित व्यापार व्यवसायको वातावरण निर्माण गर्न महासंघले आफ्नो सोंचपत्र जारी गरेको समेत उल्लेख गर्नु भयो । मन्तव्यकै क्रममा नेपाल चेम्वर अफ कमर्शका अध्यक्ष राजेन्द्र कुमार मल्लले घरजग्गा व्यवसायलाई व्यवस्थित गर्दै करको दायरामा ल्याउन ब्रोकर लाइसेन्स लिएर मात्र घरजग्गाको कारोवार गर्न पाउने व्यवस्था गर्नुपर्ने कुरामा जोड दिदै उत्कृष्ट करदाताको सम्मानले स्वेच्छिक कर सहभागिताको अभियानमा सहयोग पुग्ने समेत बताउनु भयो ।नेपाल उद्योग परिसंघका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद अधिकारीले समेत आफ्नो मन्तव्य राख्दै औद्योगिक व्यवसाय ऐनले दिएका सुविधाहरुको सुनिश्चितता हुनुपर्ने कुरामा जोड दिनुभयो । नेपाल राष्ट्रिय उद्योग वाणिज्य संगठनका कार्यवाहक अध्यक्ष डम्वरदेव अर्यालले करमुक्त ग्रामिण उद्योग व्यवसाय घोषणा गरी कार्यान्वयन गर्न सके राजस्व परिचालनमा वृद्धि हुने र युवाको विदेश पलायनको समस्या समेत समाधान हुने बताउनु भयो ।

# आन्तरिक राजस्व कार्यालय, पोखराद्वारा कर दिवस तथा सप्ताह भव्य रूपले सुसम्पन्न




"स्वेच्छिक कर सहभागितामा अभिवृद्धि: सुशासन, विकास र समृद्धि" भन्ने मूल नाराका साथ मुलुकभर भव्य रुपमा मनाइएको दशौं राष्ट्रिय कर दिवस-२०७८, आन्तरिक राजस्व कार्यालय, पोखरामा पनि विविध कार्यक्रम सञ्चालन गरि सप्ताहव्यापी रुपमा मनाइएको छ । २०७८ मंसिर १ गते कर दिवसको उद्‌घाटन समारोह आन्तरिक राजस्व कार्यालय पोखराको सभाहलमा जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यको प्रमुख आतिथ्यतमा सम्पन्न भयो । त्यसै गरी मंसिर २ गते कार्यालयको सभाहलमा कास्की जिल्ला स्थित संघीय कार्यालयमा लेखा शाखामा कार्यरत कर्मचारीहरुलाई अग्रिम करकट्टी, करको भुक्तानी तथा विद्युतीय माध्यमबाट विवरण पेश गर्ने सम्बन्धमा प्रयोगात्मक सत्र सहितको अन्तरक्रिया तथा कर शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

मंसिर ३ गते भर्चुअल माध्यमबाट कास्की जिल्लाका स्थानीय तहका लेखा शाखामा कार्यरत कर्मचारीहरु तथा जिल्लास्थित सबै सामुदायिक विद्यालयका लेखा शाखासंग सम्बन्धित कर्मचारीहरुलाई अग्रिम करकट्टी सम्बन्धी व्यवस्था, करको दर, करको भुक्तानी तथा विद्युतीय माध्यमबाट विवरण पेश गर्ने सम्बन्धमा प्रयोगात्मक सहितको अन्तरक्रिया तथा कर शिक्षा कार्यक्रम सञ्चालन भएको छ ।

मंसिर ४ गते जिल्ला सहकारी संघ कास्कीको समन्वयमा आन्तरिक राजस्व कार्यालय पोखराको सभाहलमा कास्की जिल्ला स्थित सहकारी संस्थाहरुलाई करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको छ ।

मंसिर ५ गते कास्की जिल्ला स्थित गण्डकी प्रदेश सरकार अन्तर्गतका कार्यालयमा लेखा शाखामा कार्यरत कर्मचारीहरुलाई अग्रिम करकट्टी, करको भुक्तानी तथा विद्युतीय माध्यमबाट विवरण पेश गर्ने सम्बन्धमा प्रयोगात्मक सहितको अन्तरक्रिया तथा कर शिक्षा कार्यक्रम सञ्चालन भएको छ ।

मंसिर ६ गते कास्की जिल्ला स्थित सुरक्षा निकायका लेखा शाखामा कार्यरत जनशक्तीलाई अग्रिम करकट्टी, करको भुक्तानी तथा विद्युतीय माध्यमबाट विवरण पेश गर्ने सम्बन्धमा प्रयोगात्मक सहितको अन्तरक्रिया तथा कर शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । मंसिर ७ गते दशौं राष्ट्रिय कर दिवस २०७८ को समापन समारोह सम्पन्न भएको छ।

*पेज नं. १ बाट क्रमश....*

## राजस्व संकलनमा.....

जुन लक्ष्यको १००.५६ प्रतिशत हुन आँउछ । स्वास्थ्य सेवा शुल्कमा रु. १ अर्ब ४६ करोड लक्ष्य रहेकोमा रु. २ अर्ब ९७ करोड संकलन भएको छ जुन लक्ष्यको २०३.३० प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु. ५० करोड लक्ष्यमा रु. २८ करोड संकलन भई लक्ष्यको तुलनामा ५६.१७ प्रतिशत संकलन भएको छ ।

रु. हजारमा

| क्षेत्र | आ.व. २०७७/०७८ पौष मसान्तसम्मको संकलन | आ.व. २०७८/०७९ पौष मसान्तसम्मको लक्ष्य | आ.व. २०७८/०७९ पौष मसान्तसम्मको संकलन | प्रगति | वृदिदर |
|---|---|---|---|---|---|
| आयकर | ८३१२५५०४ | ११२०५३००९ | १०८०३१९९० | ९६।४१ | २९।९६ |
| बहाल कर | १३९७७८९ | २०३०२४७।८ | १४९४४३८ | ७३।६१ | ६।९१ |
| ब्याज कर | ११८७०४५४ | १६९६७६७१ | ११४६१७१९ | ६७।५५ | (३।४४ |
| जम्मा आयकर | ९६३९३७४७ | १३१०५०९२८ | १२०९८८१४७ | ९२।३२ | २५।५१ |
| मू.अ.कर (आन्तरिक) | ५४८१६४८२ | ६१२०६०२४ | ५३५२९६३७ | ८७।४६ | (२।३५ |
| अन्त शुल्क (आन्तरिक) | ३७८२४५७३ | ४७४९१३६१ | ४७७५८५८१ | १००।५६ | २६।२६ |
| स्वास्थ्य सेवा कर | २४८१८१६ | १४६३६२९ | २९७५५५० | २०३।३० | १९।८९ |
| शिक्षा सेवा शुल्क | १६२९०९ | ५०२१५२ | २८२०५७ | ५६।१७ | ७३।१४ |
| कुल जम्मा | १९१६७९५२७ | २४१७१४०९४ | २२५५३३९७२ | ९३।३१ | १७।६६ |

# आ.व. २०७८/७९ पौष मसान्त सम्मको क्षेत्रगत रूपमा कर संकलनको अवस्था

अवधिको तुलनामा १७.६६ २६ प्रतिशत वृद्धि रहेको देखिन्छ । आयकर तर्फ सरकारी निगम/निकायवाट प्राप्त राजस्व गत वर्षको यही अवधिको तुलनामा ३६.२६ प्रतिशतको वृद्धि रहेको देखिन्छ भने पव्लिक लिमिटेड कम्पनीको ७.४३ प्रतिशतको मात्र वृद्धि रहेको देखिन्छ । आयकरतर्फ समग्र क्षेत्रको वृद्धिदर सकारात्मक रहेता पनि व्याज करको वृद्धिदर ३.४४ प्रतिशतले नकारात्मक रहेको देखिन्छ । त्यसैगरी मु.अ.करतर्फ समग्र क्षेत्रको वृद्धिदर २.३५ प्रतिशतले नकारात्मक रहेतापनी उत्पादन, वस्तु बिक्री वितरण,पर्यटन क्षेत्रबाट असुली हुने करको वृद्धिदर सकारात्मक रहेको छ। त्यसैगरी ठेक्का र परामर्शवाट प्राप्त हुने मू.अ.कर १७.१७ प्रतिशतले नकारात्मक रहेको देखिन्छ भने वेदर्तावालाबाट संकलन हुने मू.अ.करको सामान्य वृद्धिदर रहेको देखिन्छ । अन्तःशुल्कतर्फको संकलनमा समग्र क्षेत्रको वृद्धिदर २६.२६ प्रतिशत, शिक्षा सेवा शुल्कतर्फ वृद्धिदर ७३.१४ प्रतिशत र स्वास्थ्य सेवा करतर्फ वृद्धिदर १९.८९ प्रतिशतले सकारात्मक रहेको देखिन्छ ।

| SNo. | Revenue Head | 2 years before | Last Year | Change % | Current Year | Change % |
|---|---|---|---|---|---|---|
| Corporate Income Tax | | | | | | |
| 1 | Income Tax From Government Corporation-11121 | 6750529 | 2061972 | -69.45 | 2809728 | 36.26 |
| 2 | Income Tax From Public Limited Companies-11122 | 24228928 | 20301702 | -16.21 | 21809799 | 7.43 |
| 3 | Private Limited Companies-11123 | 19221666 | 15991581 | -16.8 | 22068145 | 38 |
| 4 | Other Companies-11124 | 4888081 | 3767737 | -22.92 | 4375680 | 16.14 |
| | **Total** | **55089204** | **42122992** | **-23.54** | **51063352** | **21.22** |
| Personal Income Tax | | | | | | |
| 5 | Personal Income Tax & Proprietorship-11111 | 13213930 | 12381248 | -6.3 | 13617373 | 9.98 |
| 6 | Remuneration-11112 | 13356204 | 12707703 | -4.86 | 15622461 | 22.94 |
| 7 | Social Security Tax-11211 | 3436353 | 3246141 | -5.54 | 3586154 | 10.47 |
| 8 | Capital Gain Tax Individual-11113 | 5464513 | 9024161 | 65.14 | 19109660 | 111.76 |
| | **Total** | **35471000** | **37359253** | **5.32** | **51935648** | **39.02** |
| Investment Income Tax | | | | | | |
| 9 | Rent & Lease-11131 | 1649584 | 1397789 | -15.26 | 1494438 | 6.91 |
| 10 | Interest-11132 | 11149208 | 11870454 | 6.47 | 11461719 | -3.44 |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| 11 | Capital Gain Tax Corporate-11125 | 4653669 | 298494 | -93.59 | 629563 | 110.91 |
| 12 | Dividend-11133 | 2814028 | 2347118 | -16.59 | 2896491 | 23.41 |
| 13 | Other income of investment-11134 | 64292 | 90110 | 40.16 | 533539 | 492.1 |
| 14 | Windfall Gain Tax-11135 | 155729 | 91854 | -41.02 | 104621 | 13.9 |
| 15 | Other Income Tax-11139 | 676378 | 815683 | 20.6 | 868776 | 6.51 |
| | **Total** | **21162888** | **16911502** | **-20.09** | **17989147** | **6.37** |
| Value Added Tax | | | | | | |
| 16 | Production-33311 | 15050212 | 16818308 | 11.75 | 16986123 | 1 |
| 17 | Sales and Distribution-33313 | 12782274 | 13979031 | 9.36 | 14672801 | 4.96 |
| 18 | Contract & Consultancy-33314 | 16313233 | 14705527 | -9.86 | 12180711 | -17.17 |
| 19 | Tourism Industries-33315 | 1407646 | 338849 | -75.93 | 466652 | 37.72 |
| 20 | Communication, Insurance, Aviation Fee and Other Services-33316 | 4995480 | 6323984 | 26.59 | 6565229 | 3.81 |
| 21 | Reverse charge-33317 | 2352493 | 2650783 | 12.68 | 2658121 | 0.28 |
| | **Total** | **52901338** | **54816482** | **3.62** | **53529637** | **-2.35** |
| Excise Tax | | | | | | |
| 22 | Tobacco base (Cigarette/bidi)-33331 | 10662811 | 9226546 | -13.47 | 11916286 | 29.15 |
| 23 | Liquor-33332 | 10897657 | 11749966 | 7.82 | 13942027 | 18.66 |
| 24 | Beer-33333 | 10392519 | 9144796 | -12.01 | 13661408 | 49.39 |
| 25 | Other Industrial Production-33334 | 6455059 | 7703265 | 19.34 | 8238860 | 6.95 |
| | **Total** | **38408046** | **37824573** | **-1.52** | **47758581** | **26.26** |
| Health Service Tax | | | | | | |
| 26 | Health Service Tax-11442 | 206539 | 13755 | -93.34 | 3511 | -74.47 |
| 27 | Health Risk Tax-11461 | 1397014 | 2468061 | 76.67 | 2972039 | 20.42 |
| | **Total** | **1603553** | **2481816** | **54.77** | **2975550** | **19.89** |
| Education Tax | | | | | | |
| 28 | Education Fees (school,college)-11443 | 36695 | 8632 | -76.48 | 13245 | 53.44 |
| 29 | Education Fees (foreign study)-11444 | 332454 | 154277 | -53.59 | 268812 | 74.24 |
| | **Total** | **369149** | **162909** | **-55.87** | **282057** | **73.14** |
| | | | | | | |
| 30 | Other Administrative Fees -14227 | 0 | 0 | 0 | 0 | 0 |
| 31 | Foreign Employment Supply Service -11441 | 0 | 0 | 0 | 0 | 0 |
| | **Total** | **0** | **0** | | **0** | |
| | **Total Tax Collection** | **205005178** | **191679527** | **-6.5** | | **17.66** |

# जोखिमको आधारमा कर परीक्षणको लागि करदाता छनौट प्रणालीसम्बन्धी अध्ययन प्रतिवेदन पेश



आन्तरिक राजस्व विभागको मिति २०७८।०७।३० को निर्णय अनुसार मौजुदा "जोखिमको आधारमा कर परीक्षणको लागि करदाता छनौट प्रणाली (Risk Based Selection system for Audit)" को परिमार्जनको लागि सञ्चालन महाशाखाको उपमहानिर्देशक श्री अर्जुन प्रसाद भट्टराईको संयोजकत्वमा १३ सदस्यीय अध्ययन कार्यदल गठन भएको थियो । गठित कार्यदललाई दिइएको कार्यादेश बमोजिम विभिन्न मितिमा कार्यदलको बैठक बसी विद्यमान छनौटका आधारहरुको समग्र मुल्यांकन गर्दै आ.ब. २०७८/७९ देखि आन्तरिक राजस्व कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, ठूला करदाता कार्यालयले प्रशासन गर्ने करदाताको कारोवारको रकम (Threshold) को सीमालाई परिवर्तन गरेको हुनाले सो अनुसार करदातालाई वर्गीकरण गरी छनौटको आधार तय गर्ने तथा करदाता छनौट गर्दा Score Based Selection को लागि प्रयोग भएका सूचकहरु र सो को भारमा समेत समय सापेक्ष थपघट गर्ने लगायतका व्यवस्था सहितको प्रतिवेदन श्रीमान् महानिर्देशक ज्यू समक्ष मिति २०७८।०९।२६ मा कार्यदलका संयोजक ज्यूबाट पेश गरिएको छ ।

# सूचना प्रविधि प्रणालीसम्बन्धी तीन दिने तालिम सम्पन्न



आन्तरिक राजस्व विभागको सूचना प्रविधि प्रणाली (Integrated Tax System) सम्बन्धी तीन दिने तालिम २०७८ मंसिर ८ देखि १० गतेसम्म विभागको सभाहलमा सम्पन्न भएको छ । तालिममा काठमाडौं उपत्यकास्थित आन्तरिक राजस्व कार्यालयहरू, मध्यमस्तरीय करदाता कार्यालय र ठूला करदाता कार्यालयबाट करदाता सेवा शाखामा कार्यरत कर अधिकृतहरूको सहभागिता रहेको थियो । विभागको सूचना प्रविधि प्रणालीमा आएका पछिल्ला अपडेटहरूको जानकारी गराउँदै कर अधिकृतहरूको क्षमता अभिवृद्धिको माध्यमबाट सेवा प्रवाहमा सुधार गर्ने ध्येयले तालिम सञ्चालन गरिएको थियो । अफिसर पोर्टलका अलवा करदाता पोर्टल समेतको जानकारी कर अधिकृतहरूलाई प्रदान गरी करदाता शिक्षालाई प्रभावकारी बनाउन तालिम टेवा पुग्ने अपेक्षा गरिएको छ । तालिमको आन्तरिक राजस्व विभागका सूचना प्रविधि अधिकृतहरू ठानेश्वर पनेरू, पदम बहादुर भण्डारी र कम्प्युटर अधिकृत हरी प्रसाद सेढाईंले सहजीकरण गर्नुभएको थियो ।

# बैङ्किङ, इन्स्योरेन्स र करारोपण सम्बन्धी तीन दिने तालिम सम्पन्न



आन्तरिक राजस्व विभागको आयोजना र GIZ RAS प्रोजेक्टको सहयोगमा यही मंसिर १२ देखि १४ गतेसम्म बैङ्किङ, इन्स्योरेन्स र करारोपण सम्बन्धी तीन दिने तालिम ठूला करदाता कार्यालय, हरिहरभवनको सभाहलमा सम्पन्न भएको छ । तालिममा काठमाडौं उपत्याकाभित्रका आन्तरिक राजस्व कार्यालयहरूबाट १/१ जना कर अधिकृत तथा ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयबाट बैङ्किङ र इन्स्योरेन्स क्षेत्र हेर्ने प्रमुख कर अधिकृत र कर अधिकृतहरूको सहभागिता रहेको थियो । तालिमको औपचारिक सुरूवात गर्दै ठूला करदाता कार्यालयका प्रमुख प्रशासक श्री शिवलाल तिवारीले कर प्रशासनको गुणस्तर सुधार गर्न तालिम आयोजना गरिएको बताउनुभयो । तालिमको सहजीकरण सिए रमेश धिताल, अमन उप्रेती, सुनिल ढुंगेल लगायतको समूहले गर्नुभएको थियो । तालिमको समापन गर्दै विभागका उपमहानिर्देशक श्री आनन्द काफ्लेले क्षमता अभिवृद्धिमा विभागले लगानी बढाउने उल्लेख गर्दै आगामी दिनमा मागमा आधारित तालिममा सञ्चालन गर्ने बताउनुभयो ।

# दशौं राष्ट्रिय कर दिवस २०७८ मा सम्मानित करदाताको विवरण

| क्र.सं | विधा | करदाताको नाम र कार्यालय |
|---|---|---|
| १ | सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | नेपाल दूरसंचार कम्पनी लिमिटेड |
| २ | निर्यात कारोबारबाट सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | डाबर नेपाल (प्रा.) लि. |
| ३ | विशेष उद्योगहरु मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | एशियन पेन्टस (नेपाल) प्रा.लि. |
| ४ | कृषि एवं पशुपंछीजन्य उद्योगहरु मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | पूर्वाञ्चल एग्रीटेक प्रा.लि. |
| ५ | सहकारी तथा लघु वित्तको कारोबार गर्ने संस्थाहरु मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ६ | बैंक वित्तीय संस्थाको कारोवार गर्ने संस्थाहरु मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | नविल बैंक लिमिटेड |
| ७ | वीमा व्यवसाय मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड |

| | | |
|---|---|---|
| ८ | स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक संस्थाहरु मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | नोवेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रा.लि. |
| ९ | पर्यटन व्यवसाय मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड |
| १० | वस्तु व्यापार को कारोबार मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेण्टल स्टोर प्रा.ली |
| ११ | मध्यमस्तरीय करदाताहरु मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | कर्जा सूचना केन्द्र कम्पनी लिमिटेड |
| १२ | उर्जामूलक उद्योगहरु मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | हिमाल पावर लिमिटेड |
| १३ | व्यक्तिगत आय मध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता | सिद्धार्थ शम्सेर ज.व. राणा |
| १४ | सबैभन्दा बढी कर दाखिला गर्ने करदाता | सूर्य नेपाल प्रा.लि. |
| १५ | २०६६ साउनदेखि २०७८ असारमसान्तसम्म मूल्य अभिबृद्धि करको मासिक कर विवरण र सो बमोजिमको कर समयमै बुझाएर नियमित कर सहभागिता जनाएका करदाताहरु मध्ये आ.व.२०७७।७८ मा सबैभन्दा बढी मूल्य अभिबृद्धि कर दाखिला गर्ने करदाता | घोराहि सिमेन्ट ईण्डष्ट्रि लिमिटेड |



# दशौं राष्ट्रिय कर दिवस २०७८ मा पुरस्कृत हुनुभएका कर्मचारीहरुको विवरण

| सि.नं. | पद | नाम थर | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | निर्देशक | प्रकाश पौडेल | आन्तरिक राजस्व विभाग |
| २ | प्रमुख कर अधिकृत | डमरु प्रसाद पराजुली | आन्तरिक राजस्व कार्यालय दमक |
| ३ | शाखा अधिकृत | तिलक बहादुर थापा | आन्तरिक राजस्व विभाग |
| ४ | कर अधिकृत | रेणुका पोखरेल | आन्तरिक राजस्व कार्यालय बत्तीसपुतली |
| ५ | कर अधिकृत | चन्दन कर्ण | आन्तरिक राजस्व कार्यालय, सीमरा |
| ६ | कर अधिकृत | अम्बिका प्रसाद फयल | मध्यमस्तरीय करदाता कार्यालय बबरमहल |
| ७ | कम्प्यूटर अधिकृत | थानेश्वर प्रसाद पनेरु | आन्तरिक राजस्व विभाग |
| ८ | नायब सुब्बा | रविन्द्र  वि.क. | करदाता सेवा कार्यालय कुश्मा |
| ९ | नायब सुब्बा | माधव सुवेदी | आन्तरिक राजस्व कार्यालय, दाङ |
| १० | कार्यालय सहयोगी | डुक बहादुर थापा मगर | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर |



**प्रकाशक:**

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौं
फोन: ४४१५८०२/४४१५८०३/४४१२२४७/४४१९७१९/४४३९७८७/४४३९७८९
फ्याक्स: ४४११७८८, इमेल: hq@ird.gov.np, वेभसाइट: www.ird.gov.np

**संरक्षक**
शोभाकान्त पौडेल

**सल्लाहकार**
आनन्द काफ्ले
अर्जुन प्रसाद भट्टराई
गोविन्द प्रसाद सुवेदी
रमेश शर्मा पौड्याल

**सम्पादन समूह**
लक्ष्मी पराजुली
हिमाल गौतम
ठग बहादुर महोत्रा
राज कुमार पोखेल
दिपेश लेखक
केदार श्रेष्ठ
नारायण प्रसाद उपाध्याय
सूर्य प्रसाद चापागाईं